# गोकुलगंगा गाउँपालिका

# गोकुलगंगा अस्पताल सञ्चालन तथा व्यबस्थापन गर्न बनेको कार्यबिधि, २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः – २०७८/०१/२६

गोकुलगंगा गाउँपालिका

# गोकुलगंगा गाउँपालिकाको गोकुलगंगा अस्पताल सञ्चालन तथा व्यबस्थापन गर्न बनेको कार्यबिधि, २०७७

**प्रस्तावना :** नागरिकको आधारभुत स्वास्थ्य सम्बन्धी अधिकारको सुनिश्चितता गर्नको लागि स्वास्थ्य सेवा सम्बन्धी व्यबस्थालाई सर्वसुलभ बनाउँदै सेवामा समतामुलक पहुँच र गुणस्तरीय स्वास्थ्य सेवा प्रणालिमा सुधार गरी आधारभुत स्वास्थ्य सेवाको व्यबस्थापन, सञ्चालन र नियमन गर्नको लागि नेपालको संबिधान, २०७२ ले स्थानीय तहको एकल अधिकारको सूचिमा व्यबस्था गरेको आधारभुत स्वास्थ्य र सरसफाई तथा **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा ११ को उपदफा २, झ (३) मा उल्लेख गरिए अनुसारको अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन सम्बन्धी अधिकारको प्रयोग गरी गोकुलगंगा गाउँपालिकाले गोकुलगंगा अस्पताल सञ्चालन तथा व्यबस्थापन कार्यबिधि बनाई लागु गरेको छ ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **गोकुलगंगा गाउँपालिका अस्पताल सञ्चालन तथा व्यबस्थापन कार्यविधि २०७७** रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"अस्पताल"** भन्नाले आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापित सरकारी अस्पताल, निजि अस्पताल, सामुदायिक अस्पताल, गैरसरकारी अस्पताल, सहकारी अस्पताल वा नर्सिङ्ग होम सम्झनु पर्दछ र सो शब्दले शिक्षण अस्पताल समेतलाई जनाउँछ ।

(ख) **"आकस्मिक स्वास्थ्य सेवा"** भन्नाले आकस्मिक घटना वा आपतकालिन अबस्थामा परी जीवन जोखिमयुक्त अबस्थाका व्यक्तिको जीवनलाई जोखिममुक्त गर्न आवश्यक्ता अनुसार दिनुपर्ने प्रारम्भिक सेवालाई सम्झनु पर्छ ।

(ग) **"आकस्मिक प्रसुति सेवा"** भन्नाले गर्भावस्था, प्रसुति अवस्था वा सुत्केरी अबस्थामा कुनै जटिलता देखा परेमा त्यस्ता जटिलता व्यबस्थापन गर्न २४ सै घण्टा उपलब्ध हुने सेवा सम्झनु पर्छ ।

(घ) **"आधारभुत स्वास्थ्य सेवा"** भन्नाले उपलब्ध श्रोतको सीमा भित्र रहेर लागत प्रभावकारी र प्रमाणिक तथ्यमा आधारित भएर तय गरिएको आम नागरिकको स्वास्थ्य सेवाको आबश्यकता पुर्तिका लागि प्रतिकारात्मक, प्रबर्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक, आयुर्वेदिक तथा अन्य परम्परागत स्वास्थ्य सेवाहरुको सन्तुलित एवं गतिशिल तथा बृहत कार्य सूची एवं प्रणाली सम्झनु पर्छ ।

(ङ) **"गर्भपतन"** भन्नाले गर्भमा रहेको भ्रुण स्वभाबिक रुपमा जन्मन सक्ने हुनुभन्दा अगाबै गर्भासयबाट भ्रुण बाहिर निस्कने वा निकाल्ने कार्य सम्झनु पर्छ ।

(च) **"सुरिक्षत मातत्वृ"** भन्नाले महिलालाई गर्भवती, प्रसव र सुत्केरी अवस्थामा यस कार्यविधि बमोजिम उपलब्ध गराइने मातृत्व सेवा सम्झनु पर्छ ।

(छ) **"अध्यक्ष"** भन्नाले दफा ३ बमोजिम गठन भएको समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ज) **“तोकिएको वा तोकिए बमोजिम”** भन्नाले यस आदेश अर्न्तगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) **“गाउँपालिका”** भन्नाले गोकुलगंगा गाउँपालिका सम्झनु पर्छ।

(ञ) **“मन्त्रालय”** भन्नाले केन्द्रको हकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र प्रदेशको हकमा बागमति प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ट) **“सदस्य”** भन्नाले अस्पताल व्यबस्थापन तथा सञ्चालन समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र समितिको सदस्य सचिव समेतलाई जनाउँछ।

(ठ) **“समिति”** भन्नाले दफा ३ बमोजिम गठन भएको गोकुलगंगा अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

**३. समितिको गठनः** (१) अस्पतालले उपलब्ध गराउने चिकत्सा र अन्य सेवामा अभिबृद्धि गर्दै अस्पतालको सेवा विस्तार र सुदिढ गर्नका लागि गोकुलगगा गाउँपालिका अर्न्तगतका अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्न एक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हनेुछः-

(क) गाउँपालिका अध्यक्ष वा गाउँपालिका भित्रका सामाजिक क्षेत्रमा क्रियाशिल लब्ध प्रतिष्ठित व्यक्ति मध्येबाट गाउँपालिकाले मनोनित गरेको व्यक्ति -अध्यक्ष

(ख) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा

निजले तोकेको स्वास्थ्य शाखाको प्रमुख सदस्य -सदस्य

(ग) अस्पताल सञ्चालन भएको वडाको वडाध्यक्ष -सदस्य

(घ) अस्पताल सञ्चालन भएको स्थानीय तहको लेखा प्रमुख -सदस्य

(ङ) सम्बन्धित अस्पतालको चिकत्सक मध्येबाट वरिष्ठ चिकित्सक एक जना -सदस्य

(च) सम्बन्धित अस्पतालको नर्सिङ्ग प्रमुख -सदस्य

(छ) अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट -सदस्य सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ।

(४) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय बिज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**४. समितिको काम, कर्तव्य र अधिकारः** (१) यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालको व्यवस्थापन र सञ्चालन गर्ने,

(ख) अस्पतालको विकास सम्बन्धमा आवश्यक दीर्घकालीन तथा अल्पकालीन नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने वा गराउने,

(ग) समितिको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने,

(घ) अस्पतालको भौतिक सम्पतिको रेखदेख, संरक्षण तथा मर्मत सम्भार गर्ने,

(ङ) अस्पतालबाट प्रदान गरिने सेवाको सञ्चालन, सुधार र विस्तारका लागि आवश्यक पर्ने स्रोत र साधनको पहिचान तथा खोजी गर्ने,

(च) वहिरङ्ग तथा अन्तरङ्ग चिकित्सा सेवा, प्रयोगशाला तथा अन्य सेवा उपलब्ध गराए वापत शुल्क निर्धारण गर्ने,

(छ) अस्पतालमा गरेका कार्यको समिक्षा गर्ने र आवश्यक निर्णय लिने,

(ज) जनशक्तिको वृति विकासमा आवश्यक कार्य गर्ने,

(झ) समितिको कार्य सञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गरी त्यस्तो उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोक्ने,

(ञ) समितिको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्य गाउँपालिका तथा मन्त्रालयको स्वीकृती लिई गर्ने, गराउने ।

**५. अध्यक्षको काम, कर्तव्य र अधिकारः** (१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हनेुछः-

(क) समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ख) बैठकमा मत बरावर भएमा निर्णायक मत दिने,

(ग) अस्पतालको विकास, विस्तार एंव व्यवस्थित गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(घ) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

**६. समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकारः** (१) समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हनेुछः-

(क) समितिको सदस्य सचिवको रुपमा कार्य गर्ने,

(ख) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) प्रदेश सरकार तथा स्थानीय तहबाट स्वीकृत कार्यविधि अनुसार कार्य गर्ने,

(घ) अस्पतालको सम्पतिको रेखदेख गर्ने, गराउने,

(ङ) प्रचलित आर्थिक कानून बमोजिमको आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने,

(च) अध्यक्षसँग परामर्श गरी बैठकको विषय तयार गर्ने र बैठक बोलाउने,

(छ) समितिले गरेका निर्णय अनुरुप कार्य गर्ने, गराउने,

(ज) दैनिक प्रशासनिक कार्य गर्ने, गराउने ।

**७. सिमितको बैठक र निर्णयः** (१) समितिको बैठक वर्षमा कम्तीमा छ पटक बस्नुपर्नेछ । तर समितिको बैठक आवश्यकता अनुसार बस्न यस उपदफाले बाधा पार्ने छैन ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको एक तिहाई सदस्यले बैठक बस्न लिखित माग गरेमा समितिको सदस्य-सचिवले समितिको अध्यक्षलाई जानकारी गराई बैठक बोलाउनेछ ।

(४) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य-सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यलाई दिनुपर्नेछ ।

(५) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिका जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नुपर्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) समितिमा प्रदेश सरकारले निर्धारण गरे बमोजिमको दरबन्दी बमोजिमका कर्मचारी रहनेछन् ।

(२) उपदफा (१) बमोजिम दरबन्दी भित्रका कर्मचारी पदपूर्ति नभए सम्मको लागि गोकुलगंगा गाउँपालिकाले सेवा करारमा कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(३) अस्पतालको सेवा प्रवाह उपदफा (१) बमोजिमको दरबन्दी बमोजिमका कर्मचारीबाट गराउन अपूग भएमा सम्बन्धित अस्पतालले मन्त्रालय तथा गाउँपालिकाको स्वीकृति लिई सेवा करारमा कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(४) यो कार्यविधि प्रारम्भ हुँदाका बखत अस्पतालमा कार्यरत कर्मचारी यो कार्यविधि प्रारम्भ भएपछि समितिबाटै तलव भत्ता खानेगरी समितिको काम काज गर्नेछन् ।

(५) उपदफा (४) बमोजिम समितिमा काजमा रहेका कर्मचारीलाई आफ्नो स्रोतबाट व्यहोर्ने गरी समितिले थप सुविधा दिन सक्नेछ ।

(६) समितिमा कार्यरत रहेका नेपाल सरकारका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था निजको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(७) यस दफा बमोजिम समितिमा नियुक्ति हुने/रहने कर्मचारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

**८. समितिको कोषः** (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछनः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) गोकुलगंगा गाउँपालिकाबाट प्राप्त रकम,

(घ) अस्पतालले प्रदान गरेको सेवा वापत प्राप्त रकम,

(ङ) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(च) स्वदेशी, संघ, संस्था वा व्यीक्तबाट प्राप्त रकम,

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) समितिले उपदफा (२) को खण्ड (घ) बमोजिम कुनै रकम प्राप्त गर्नु अघि गाउँपालिका तथा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (२) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) समितिको कोषमा रहेको रकम समितिले नेपालको कुनै वाणिज्य बैकमा खाता खोली जम्मा गर्नेछ ।

(६) समितिको कोषको सञ्चालन सम्बन्धित वडाको वडाध्यक्ष, अस्पतालको लेखापाल र अस्पताल प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

**१०. सम्बन्धित कार्यको लागि रकम खर्च गर्नु पर्ने :** प्रदेश सरकार र स्थानीय तहबाट समितिलाई प्राप्त भएको रकम जुन कार्यक्रम वा कामको लागि प्राप्त भएको हो सोही कार्यक्रम र काममा खर्च गर्नुपर्नेछ ।

**११. लेखा र लेखापरीक्षणः** (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) समितिले तोकिए बमोजिम समितिको आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

(३) समितिको आन्तरिक लेखापरीक्षण मान्यता प्राप्त लेखा परीक्षक मध्येबाट समितिले तोकेको लेखा परीक्षकले गर्नेछ ।

(४) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(५) मन्त्रालय तथा गाउँपालिकाले चाहेमा समितिको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

**१२. बैठक भत्ता :** सदस्यले समितिको बैठकमा भाग लिए वापत मन्त्रालय तथा गाउँपालिकाले निर्धारण गरे बमोजिम बैठक भत्ता पाउनेछन् ।

**१३. वार्षिक प्रतिवेदन पेश गर्ने :** समितिले वर्षभरी गरेको काम कारबाहीको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैतालीस दिनभित्र गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**१४. अधिकार प्रत्यायोजन :** समितिले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिव, अस्पताल प्रमुख, समितिले गठन गरेको उपसमिति वा कार्यदल वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१५. निर्देशन दिने:** (१) प्रदेश सामाजिक बिकास मन्त्रालय र गोकुलगंगा गाउँपालिकाले समिति द्वारा गरिने काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१६. प्रदेश सरकार र गाउँपालिकासगँ सम्पर्क:** समितिले प्रदेश सरकार वा गाउँपालिकासँग सर्म्पक राख्दा प्रदेशको हकमा मन्त्रालय र गाउँपालिकाको हकमा स्वास्थ्य शाखा माफर्त राख्नुपर्नेछ ।

**१७. संशोधन:** यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ आइपरे गोकुलगंगा गाउँपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१८. खारेजी र बचाउ :** यो कार्यविधि प्रारम्भ हुनु अघि गोकुलगंगा गाउँपालिकाले नियुक्ति गरेका कार्यरत कर्मचारीहरु तथा समितिका सम्पूर्ण काम कारबाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।